



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ वैशाख १२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 25 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३६

## पहिलो दिन साना दल र स्वतन्त्रले उम्मेदवारी दर्ता गराए

प्रस, वीरगंज, ११ वैशाख/

स्थानीय तहको निर्वाचन अन्तर्गत पर्सा जिल्लाका १४ वटै पालिकामा वैशाख ११ गते आइतवार उम्मेदवारी दर्ता भएको छ।

यसपटक उम्मेदवारी दर्ता मिति दुई दिन राखिएकाले पहिलो दिन वीरगंज महानगरपालिकामा ठूला दलहरूले उम्मेदवारी दर्ता गराएका छैनन् । उम्मेदवार चयन प्रक्रिया ढिलो भएको कारण आज साँझसम्म उम्मेदवारको टुङ्गो लगाउने र भोलि उम्मेदवारी दर्ता गर्ने उनीहरूको तयारी छ। ठूला पार्टीहरूले टिकटबाट वञ्चित भएका आकाङ्क्षीहरू अन्यत्र नजाओस् भनेर पहिलो दिन उम्मेदवारी दर्ता गराएका छैनन् ।

आज पहिलो दिन वीरगंज महानगरपालिकामा स्वतन्त्र उम्मेदवार र साना दलका उम्मेदवारहरूले उम्मेदवारी दर्ता गराएका छन् । आज वीरगंज महानगरको प्रमुखमा ११ र उपप्रमुख पदमा १६ जनाको उम्मेदवारी परेको निर्वाचन कार्यालयले जनाएको छ। वीरगंज महानगरमा सत्तारूढ दलको गठबन्धनमा रहेको नेकपा एकीकृत समाजवादी पार्टीले वडाध्यक्षहरूमा उम्मेदवारी दर्ता गराएको छ । उसले पाएको कोटामा परेका वडाध्यक्षहरूले आज उम्मेदवारी दर्ता गरेका हुन् ।


जिल्ला समन्वय समितिस्थित निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गराउँदै । तस्वीरः प्रतीक

सोमवार बिहान १० देखि साँझ ५ बजेसम्म उम्मेदवारी दर्ता तोकिएको छ। आज पनि सोही समयसम्म उम्मेदवारी दर्ता भएको हो । भोलि वीरगंज महानगरपालिकामा गठबन्धनबाट नगरप्रमुखमा राजेशमान सिंह र एमालेबाट विजयकुमार सरावगीले नगरप्रमुखमा उम्मेदवारी दर्ता गर्नेछन् । नेपाली काङ्ग्रेसले उपप्रमुखको टुङ्गो लगाएको छैन। उपप्रमुखमा भने एमालेसँग गठबन्धन गरेको लोसपा, पर्साका अध्यक्ष पुरुषोत्तमलाल झाले उम्मेदवारी दिने पक्कापक्की भएको छ।

गठबन्धनबाट प्रमुख र उपप्रमुखमा दाबेदारी भएपनि वडाध्यक्षहरूको भने सबै दलले उम्मेदवारी दिने तयारी गरिरहेका छन्। नेपाली काङ्ग्रेस, नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टीले वडाध्यक्षमा छुट्टाछुट्टै उम्मेदवारी दिने बुझिएको छ । पाँच दलीय गठबन्धनमा रहेको राष्ट्रिय जनमोर्चा नेपालको प्रभाव पर्सा जिल्लामा त्यति सारो छैन । एमालेसँग गठबन्धन गरेका लोसपा र राप्रपा नेपालबाट पनि वडाध्यक्षमा उम्मेदवारी पर्ने सम्भावना छ ।

एमालेबाट २४ जनाले वडाध्यक्षमा उम्मेदवारी दिनेछन् भने बाँकी लोसपा र राप्रपा नेपालबाट आठजनाले उम्मेदवारी दिने गरी उम्मेदवारको चयन भइरहेको छ ।

## प्रचारमा भारतीय नं.को गाडीको प्रयोग

नितेश कर्ण, वीरगंज, ११ वैशाख/

निर्वाचन आयोगले स्थानीय चुनावमा भारतीय सवारीसाधनको प्रयोगमा रोक लगाएको छ तर पर्सा जिल्लामा सो निर्देशनको पालना भएको छैन ।


चुनावमा प्रयोग भएका भारतीय नम्बरको सवारी साधन । तस्वीरः प्रतीक

स्थानीय तहको चुनावलक्षित सभाहरूमा पर्सा जिल्लामा भारतीय गाडीहरूको छ्याप्छ्याप्ती प्रयोग भइरहेको छ । निर्वाचन आचारसंहिताविपरीत यो कार्यमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रोक लगाउनुपर्ने हो तर वीरगंज महानगरका मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले वीरगंज भन्सार कार्यालयले भारतीय सवारीसाधन प्रवेशमा रोक लगाउनुपर्ने बताए। उनले भन्सार तिरेर भित्रिएका सवारीसाधनहरू नै चुनावी प्रचारमा प्रयोग भइरहेको बताए।

## वीरगंजमा ७७ जना उम्मेदवारी दर्ता

प्रस, परवानीपुर, ११ वैशाख/

मधेस प्रदेशको एकमात्र महानगरपालिकामा उम्मेदवारी दर्ता गर्ने पहिलो दिन ७७ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

आइतवार बिहान १० बजेदेखि साँझ पाँच बजेसम्म प्रमुखमा १२ जना, वडाध्यक्षमा एकजना महिलासहित २० जना खुला सदस्यमा एकजना महिलासहित २९ जना, महिला सदस्य १० जना दलित महिला सदस्य छजना गरी कुल ७७ जनाले उम्मेदवारी दर्ता गराएको वीरगंज महानगरपालिका निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकृत जयप्रसाद काफ्लेले बताए । उनका अनुसार वीरगंज महानगरपालिकाको प्रमुखमा नेपाल मजदूर किसान पार्टीको तर्फबाट ६३ वर्षीय गोकर्णप्रसाद कोइरी र नेपाल सद्भावना पार्टीको तर्फबाट ५० वर्षीय विजयकुमार रौनियारले उम्मेदवारी दर्ता गराएका छन् भने बाँकी १० जना उम्मेदवारले स्वतन्त्ररूपमा उम्मेदवारी दर्ता गराएका छन् । वीरगंज महानगरको प्रमुखमा स्वतन्त्रबाट उम्मेदवारी दिनेमा ३७ वर्षीय रिजवान अली, ६३ वर्षीय राजेन्द्रप्रसाद भूमिहार, ३१ वर्षीय कैलाशप्रसाद सर्राफ, २४ वर्षीय फिरोज आलम, ४९ वर्षीय महम्मद रियाजुल हक, २२ वर्षीय विक्कीराज पटेल, ३३ वर्षीय सञ्जीवकुमार यादव, ३८ वर्षीय राजेश सिंह, ३४ वर्षीय राधेश्याम साह र २५ वर्षीय महम्मद सगीर अलीले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी वडाध्यक्षमा एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, राप्रपा पार्टी र विवेकशील साझा पार्टीबाट उम्मेदवारी दर्ता गराएका छन् भने सदस्यमा पनि सोही पार्टीबाट उम्मेदवारी दर्ता भएको छ ।

वडाध्यक्ष र सदस्यहरूमा पनि केही स्वतन्त्र उम्मेदवारहरूले उम्मेदवारी दर्ता गराएको उनले जानकारी गराए ।

**सोमवार मुख्य दलले उम्मेदवारी दर्ता गर्ने**

सहायक निर्वाचन अधिकृत काफ्लेका अनुसार उम्मेदवारी दर्ता गराउने अन्तिम दिन वैशाख १२ गते मुख्य दलहरूले उम्मेदवारी दर्ता गर्ने तयारीमा रहेका छन् ।

सत्तारूढ गठबन्धन तर्फबाट प्रमुखमा जसपाका राजेशमान सिंह, उपप्रमुखमा काङ्ग्रेसका उम्मेदवार, एमालेबाट प्रमुखमा विजयकुमार सरावगी, उपप्रमुखमा लोसपाका उम्मेदवार, राप्रपाबाट प्रमुखमा गिरीश गिरी, उपप्रमुखमा विणा जैसवाललगायत वडाध्यक्ष र सदस्यहरूको उम्मेदवारी पर्नेछ । दिउँसो २ बजे पछाडि पाँच बजेभित्र दलका उम्मेदवारहरूले जिल्ला समन्वय समितिमा रहेको निर्वाचन कार्यालयभित्र प्रवेश गरिसक्नुपर्ने हुन्छ।

## स्थानीय चुनावमा उम्मेदवारी दर्ताको प्रक्रिया

प्रस, वीरगंज, ११ वैशाख/

स्थानीय चुनावमा महानगर, उपमहानगर, नगर र गाउँपालिकाका उम्मेदवारहरूले उम्मेदवारी दर्ताको क्रममा आवश्यक कागजात नपुग भएर कतिपयको उम्मेदवारी दर्ता हुन नसकेको निर्वाचन कार्यालयले जनाएको छ ।


तस्वीरः प्रतीक

निर्वाचन कार्यालयले जनाए अनुसार आवश्यक कागजातमा वडा सदस्य र अध्यक्ष पदमा उम्मेदवारी दर्ता गर्दा नागरिकताको प्रतिलिपि, सम्बन्धित वडाको मतदाता परिचयपत्रको प्रतिलिपि अथवा मतदाता नामावलीको सूचीका साथै प्रस्तावक र समर्थकको पनि मतदाता परिचयपत्र अथवा मतदाता नामावलीको सूचीको प्रतिलिपिसहित स्वयम् उपस्थित हुनुपर्छ ।

नगरप्रमुख र उपप्रमुखको हकमा पनि नागरिकताको प्रतिलिपि र सम्बन्धित महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाको कुनै पनि वडामा मतदाता सूचीमा रहेको नामावली प्रमाणित प्रतिलिपि आवश्यक पर्छ। उम्मेदवारहरू आफैंले आवेदनपत्र भर्नुपर्ने र समर्थक तथा प्रस्ताव साथमैं रहनुपर्ने बताइएको छ ।

### कुन उम्मेदवारलाई कति शुल्क

निर्वाचन आयोगको कार्यालयले उम्मेदवारहरूको शुल्क निर्धारण गरेको छ । नगरप्रमुख/गापा अध्यक्षका लागि रु १५ सय, उपप्रमुख/उपाध्यक्षको लागि रु १५ सय, वडाध्यक्षको लागि रु एक हजार र वडा सदस्यको लागि रु पाँच सय शुल्क निर्धारण गरेको छ ।

उम्मेदवारहरूले यति कुराको जोहो गरेर आफ्नो पालिकामा तोकिएको मतदान अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्न पाउनेछन् ।

## बाजागाजासहित पोखरियामा उम्मेदवारी दर्ता

प्रस, पोखरिया, ११ वैशाख/

नेपाल सुशासन पार्टी नेपालले आइतवार पोखरिया नगरपालिकामा उम्मेदवारी दर्ता गराएको छ।


तस्वीरः प्रतीक

प्रमुख पदका प्रत्याशी शङ्कर यादव, उपप्रमुख पदका प्रत्याशी विणा देवीलगायत वडाध्यक्ष पदका उम्मेदवारहरू सुरेन्द्र यादव, रामबाबू साह, कौशलकिशोर साह, धरमेश्वर गिरी, नौशाद आलमलगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रत्येक वडाबाट बाजागाजासहित आएको जुलुस बजार परिक्रमा गरी पालिकामा पुगेको थियो ।

त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट प्रमुख पदका प्रत्याशी जीवनज्योति पासवानले उम्मेदवारी दर्ता गराएकी छन् ।

## सिम्रौनगढमा प्रमुखका लागि तीनजनाको उम्मेदवारी

प्रस, सिम्रौनगढ, ११ वैशाख/

बाराको सिम्रौनगढ नगरपालिकामा आइतवार ११ गते पहिलो दिनको मनोनयन दर्ता गर्ने क्रममा तीनजनाले प्रमुख र दुईजनाले उपप्रमुखमा उम्मेदवारी दिएका छन् । प्रमुख पदमा नाम दर्ता गराउनेहरूमा लोकतान्त्रिक समाजवादी पार्टीबाट किशोरी साह कलवार, उपप्रमुखमा नजमु शेहर, जनमत पार्टीबाट प्रमुखमा लक्ष्मीकान्त गुप्ता, उपप्रमुखमा सुषमाकुमारी यादव र आधुनिक नेपाल समाजवादी पार्टीबाट प्रमुख पदमा भागीरथ साहले उम्मेदवारी दर्ता गराएका छन्। वडाध्यक्ष र वडसदस्य दर्ता हुने क्रम जारी रहेको निर्वाचन अधिकृत मनोजप्रसाद गुप्ताले जानकारी गराए।


तस्वीरः प्रतीक

### जग्गा बिक्रीमा

बारा जिल्ला, कलैया उपमहानगरपालिका–९ बघवननजीकै १५० फिटभन्दा बढी मोहडा भएको १५ कट्ठा जग्गा घडेरी वा व्यापार प्रयोजनको लागि बिक्रीमा छ ।

सम्पर्क नं.: ९८५१३२३५४३

## विचारसार र सूक्तिहरू

प्राप्त समयलाई राम्रो बनाऊ । राम्रो समयको बाटो पर्ख्यौं भने सम्पूर्ण जीवन थोरै हुन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# गठबन्धन र मित्रता

गठबन्धनको शाब्दिक अर्थ एकै उद्देश्यका लागि भेला भएका विभिन्न व्यक्तिहरूको समूहको रूपमा गर्न सकिन्छ । यस अर्थमा यो तात्कालिक मित्रताजस्तै हो । अहिले देशमा पाँच राजनीतिक दलहरूको सत्ता गठबन्धन बनेको छ । अर्थात् सत्तामा बस्नका लागि पाँच विभिन्न राजनीतिक मत भएका दलहरूबीच मित्रता भएको छ । सबैको समान उद्देश्य छ–सत्तामा बस्नु र यसै मेसोमा स्थानीय तहमा आफ्नो पहुँच बढाउनु । सोही उद्देश्यका लागि गठबन्धनभित्रका दलहरूले देशका महानगरपालिका र उपमहानगरपालिकाहरूमा साझा उम्मेदवार उठाउने फैसला गरे । पाँच दलका शीर्ष नेताहरूले पार्टीको स्वार्थ देखाएर कार्यकर्ताहरूलाई सन्तुष्ट पार्ने कोशिश गरेका छन् तर गठबन्धनको पछिल्लो कार्ययोजनाले समाहित साना दलहरूमा नैराश्य छाएको छ । साना दलहरू, खासगरी नेकपा (एस) गठबन्धनका दुई ठूला दल नेपाली काङ्ग्रेस र माओवादी केन्द्रले अधिकांश पद आफ्नो पक्षमा पारेको, परस्पर उपगठबन्धन गरेको र साना दलहरूलाई बेवास्ता गरेको बताइरहेको छ । आज भोलिमा अन्य साना दल पनि नेकपा (एस)को मनोदशामा पुग्ने ठोकुवा गर्न सकिन्छ ।

गठबन्धन तात्कालिक मित्रता हो । मित्रता भनेको परस्पर विश्वास, त्याग र सहयोगमा टिकेको हुन्छ । त्यसैले भनिन्छ मित्रता आफू बराबरसँग गर्नुपर्छ । आफूभन्दा ठूलो–शक्तिशालीसँग गर्‍यो भने उसले सबै भाग खाइदिन्छ र सानोसँग गर्‍यो भने जहिले पनि कचिङ्गल र मनोमालिन्य भइरहन्छ । भइ पनि त्यस्तै रहेको छ । केन्द्रको सत्ता जोगाउन नेपाली काङ्ग्रेस र माओवादीलाई साना दलहरूको आवश्यकता रहेको हो । स्थानीयस्तरमा त उनीहरू दुईबीच मात्र मेल भयो भने पुग्छ । यसले गर्दा धेरै ठाउँमा कार्यकर्ताहरूको असन्तुष्टि झेल्नुपर्दैन । अहिले मनोनयन दर्ता भइसकेको छैन, तर गठबन्धनले गरेको निर्णयमा तिनकै कार्यकर्ताहरू चरम असन्तुष्ट बनेका छन् । वीरगंजजस्तो नेपाली काङ्ग्रेसको गढ र यसपालि जित्ने पक्कापक्की रहेको ठाउँमा गठबन्धनको चित्त बुझाउन ठाउँ छाड्नुपर्‍यो । यसले काङ्ग्रेसमा चरम उदासीनता देखिएको छ । त्यस्तै पोखरामा भएको छ, भरतपुरमा भएको छ । साना दलहरूले पारस्परिक सहयोग गर्दै साझा उम्मेदवार उठाउनुको पछाडि मेरो सहयोगले तिमी त्यहाँ जित र तिम्रो सहयोगले म यहाँ जित्छु भन्ने हो । उनीहरूसँग सबै ठाउँमा उठाउनका लागि मानिस पनि हुँदैन । तर ठूला दलले त आफ्नै कार्यकर्ताको घाँटी रेट्नुपर्छ । जित्ने ठाउँ छोड्नुपर्ने बाध्यता त हुन्छ नै, सबै कार्यकर्तालाई निर्वाचनरूपी तालीममा जान दिन पनि सकिन्न ।

अहिलेको गठबन्धनको परिभ्राटले कस्तो परिस्थिति जन्माउँछ, त्यो हेर्नको लागि निर्वाचन परिणाम त कुर्नैपर्छ । गठबन्धन गर्नेबित्तिकै जीत नै हुन्छ भन्ने पनि छैन । अनुशासित कार्यकर्ताले नेतृत्वको अनुज्ञा पालन गर्ला तर नेपाली काङ्ग्रेसप्रति आस्था राख्ने र समर्थकहरूले पनि गठबन्धनले रोजेको व्यक्तिलाई भोट दिन्छ भन्ने जरूरी छैन । यसले गर्दा भोलि विपरीत परिणाम आयो भने गठबन्धनभित्रका दलभित्रै मनोमालिन्य देखिन सक्छ । निर्वाचन परिणाम आउनु अघि नै देखिएको यथार्थले पछिको अवस्थाको आकलन गर्न गाह्रो छैन । यस्तो दु:खद प्रसङ्गको एउटा सुखद परिणति भने नेपाली जनताले पाउँछ । हैसियत बाहिर पार्टी खोल्ने, तिकडम गरेर सत्तामा पुग्ने दलहरू बिस्तारै बहिष्कृत हुँदै जान्छन् । गठबन्धन असफल भयो भने साना दल विस्थापित हुँदै जान्छन् र सिद्धान्तनिष्ठ दलहरू बाँचिरहनेछन् ।

# विश्वव्यापी आर्थिक मन्दीको परिणाम

स्वतन्त्र विचार




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**हरेक दृष्टिकोणले आर्थिक मन्दीको कारण र प्रभाव अध्ययन गर्दा के भन्न सकिन्छ भने आर्थिक मन्दीको प्रभाव युरोपको भविष्यको लागि कुनै पनि प्रकारले राम्रो साबित भएन । आर्थिक मन्दीले सन् १९२९ देखि सन् १९३१ बीच युरोपको स्थिति दयनीय रहृयो ।**

सन् १९२९ मा भएको विश्वव्यापी आर्थिक मन्दीबाट बच्नको लागि ६ जून, सन् १९३३ मा विश्व अर्थ सम्मेलनको आयोजना लन्दनमा गरियो । यस सम्मेलनमा विश्वका ६६ राष्ट्रका प्रतिनिधिहरूले भाग लिएका थिए तर उनीहरूबीच आपसी मतभेदले गर्दा २७ जुलाई, सन् १९३३ मा यस सम्मेलनलाई स्थगित गर्नुपर्‍यो । त्यस उपरान्त सन् १९३४ ले शुभ सङ्केत लिएर आयो किनभने सबै देशमा औद्योगिक विकासको थालनी भइसकेको थियो तर फेरि युद्धको आशङ्काले गर्दा हातहतियार बनाउने होड चल्यो । प्राय: हरेक देशमा शस्त्र निर्माणका लागि कलकारखाना खुल्न थाले र बेरोजगारीहरूले रोजगार पाउन थाले ।

वर्तमान आर्थिक सङ्कट पनि एकआपसमा चलेको द्वन्द्व नै हो जसको प्रभाव सम्पूर्ण विश्वमाथि परेको छ र परोक्षरूपले हथियार उत्पादन र खरीद–बिक्री बढेको छ । यदि विश्वमा शान्ति स्थापना भएन भने यसको परिणाम पनि सम्पूर्ण विश्वले नै भोग्नुपर्नेछ । यसै सन्दर्भमा विश्वव्यापी आर्थिक मन्दीको राजनीतिक परिणामबारे यस आलेखमा चर्चा गरिएको छ ।

**अधिनायकवादको उत्कर्ष :** इतिहासकारहरूका अनुसार आर्थिक सङ्कटले अभिनायकवादलाई जन्मायो र के पनि सत्य हो भने यस आर्थिक सङ्कटको समाधान प्रजातान्त्रिक विधिले गर्नु सम्भव थिएन । यसर्थ यस सङ्कटको समाधानका लागि प्रजातान्त्रिक सरकारले पनि आफ्नो अधिकारमा वृद्धि गरे । आर्थिक सङ्कटसम्बन्धी कानून संसमा पारित गरेर बनाउने ठाउँमा अध्यादेशमार्फत बनाइयो । यस कारण जुन बेला प्रजातान्त्रिक परम्पराको अवहेलना हुन्छ, त्यहींबाट अधिनायकवादको बीजङ्कुरण हुन्छ । प्रजातान्त्रिक सरकारमा पनि बहुदलीय सरकारको ठाउँमा गठबन्धनको सरकार बने । अमेरिकी राष्ट्रपति रूजवेल्टको न्यु–डिल नीतिले पनि अधिनायकवादका तत्त्वहरूलाई बल पुर्‍यायो किनभने यो नीतिले पनि आर्थिक सङ्कट समाधानका लागि असाधारण अधिकार हासिल गरेको थियो । इटली र जर्मनीमा बेरोजगार बढेपछि त्यहाँका बेरोजगारी युवक मुसोलिनी र हिटलरतर्फ आकर्षित हुन थाले । यी दुइटै नेता तानाशाही मनोवृत्तिका थिए र कालान्तरमा विश्वविख्यात तानाशाह बने । यस प्रकार बेकारी र बेरोजगारीले पनि तानाशाही र अधिनायकवादको पोषण गरे ।

**लोकतान्त्रिक व्यवस्था प्रभावित हुनु:** आर्थिक सङ्कटको समाधानका लागि प्रजातान्त्रिक सरकारहरूलाई पनि विशेष अधिकार ग्रहण गर्नुपर्‍यो । अमेरिका र इङ्गल्यान्डजस्ता लोकतान्त्रिक देशले पनि तानाशाही देशहरूजस्तै कार्य गर्न थाले । यसरी लोकतान्त्रिक सरकारहरू स्वभावत: प्रभावित हुँदा लोकतान्त्रिक सरकारलाई युरोपीय देशहरूमा जनताको रिस खेप्नुपर्‍यो किनभने उनीहरूले पूँजीवादको समर्थन गरिरहेका थिए । फलस्वरूप प्रजातान्त्रिक सरकारबाट जनताको विश्वास घट्न थाल्यो ।

**प्रबल आर्थिक राष्ट्रियता :** जब युरोपका देशहरू आर्थिक सङ्कटबाट ग्रस्त थिए त्यसबेला त्यसको समाधानका लागि उनीहरूले आफ्नो मात्र आर्थिक हितको ख्याल गर्न थाले । उनीहरूले आफ्नो उपनिवेशलाई अन्य देशहरूको व्यापारिक केन्द्र बन्न नदिनेतर्फ विचार गर्न थाले । यसको लागि उनीहरूले स्वतन्त्र व्यापार नीति परित्याग गरी संरक्षणको नीति अवलम्बन गरे । यो आर्थिक राष्ट्रियता युरोपीय देशहरूमा कतिसम्म उग्र बन्यो भने आर्थिक मामिलामा उनीहरूले पारस्परिक सहयोग नै बन्द गरे । यसरी सबै देशले आआफ्नै तहबाट आर्थिक समस्याको समाधान गर्ने प्रयत्न गर्न थाले । उनीहरूको यस खाले रवैयाबाट अन्तर्राष्ट्रिय सहयोग र सौहार्दको भावनामा घातक प्रभाव पर्‍यो ।

**राष्ट्रसङ्घ कमजोर हुनु :** आर्थिक सङ्कटबाट भयभीत राष्ट्रहरूले आफ्नो मात्र हितको चिन्ता गर्न थाले । लिग अफ नेशन्सको कार्य र आदर्शप्रति सबै उदासीन भए । सन् १९३१ मा जापानले मन्चुरियामाथि आक्रमण गर्दा पनि यस विश्व संस्थाले केही गर्न सकेन वा भनौं जापानले टेरेन । इटलीका तानाशाह मुसोलिनीले इथोपियामाथि आक्रमण गर्न तयारी गर्न थाले तर लिग अफ नेशन्सले उसको साम्राज्यवादी मनोवृत्तिमाथि अंकुश लगाउन सकेन । यसरी आर्थिक सङ्कटको कारण लिग अफ नेशन्स पनि निर्बल भयो ।

**जापानको साम्राज्यवादी भावनालाई प्रोत्साहन :** सन् १९१० मा कोरिया विजय पश्चात् जापान साम्राज्यवादी बन्यो । प्रथम विश्वयुद्धमा विजेता बनेर ऊ विश्वको पाँचौं महाशक्तिहरूको सूचीमा सामेल भयो । यससँगै उसले औद्योगिक विकासमा पनि धेरै प्रगति गरेको थियो । जापानमा भएको कारखानाहरूमा बढी उत्पादन भयो तर उत्पादित माल किन्ने धेरै कम थिए । आर्थिक राष्ट्रियताले सबै राष्ट्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा सङ्कुचित बनाइदिएको थियो । इङ्गल्यान्ड जापानको माल आफ्नो उपनिवेशमा भित्र्याउन चाहन्नथ्यो ।

अत: जापानले आफ्नो व्यापार बढाउन सैन्य विजयको नीति अवलम्बन गर्‍यो । इतिहासकार टायनबीले लेखेका छन्–"भीषण मन्दीबाट विवश भएर जापानी सेनानायकहरूले यस नीतिको समर्थन गरे ।" यसबाट जापानी धेरै बेचैन भएका थिए । यस कारण मन्चुरियामाथि आक्रमण गर्न उनीहरूलाई अलिकति पनि सङ्कोच भएन । जापानको सरकारलाई पनि त्यसबेला 'सैनिक नीति' पालन गर्न कुनै सङ्कोच भएन किनभने त्यस बेला युरोपका देशहरू आफ्नो आर्थिक समस्या समाधान गर्न व्यस्त थिए । लिग अफ नेशन्स आयोग मात्र गठन गरेर सन्तुष्ट भयो र जापानको शक्तिलाई रोक्न सकेन ।

**साम्यवाद श्रेष्ठ साबित हुनु :** आर्थिक सङ्कटभन्दा पहिले युरोपीय देशहरूमा पूँजीवादप्रति विशेष श्रद्धा थियो । यस विपरीत साम्यवादका प्रणेता कार्लमार्क्सको के भनाइ थियो भने पूँजीवाद अब चरमोत्कर्षमा पुगिसकेको छ । यस कारण पूँजीवादपछि साम्यवाद आउनु अवश्यम्भावी छ । आर्थिक सङ्कटले कार्लमार्क्सको धारणाको पुष्टि गरिदियो । र पूँजीवादको निर्बलता थपिँदै गयो । यस कारण युरोपका देशहरू पनि अब साम्यवादप्रति विश्वास प्रकट गर्न थाले ।

**दोस्रो विश्वयुद्धका लागि वातावरण तयार हुनु :** इतिहासकारहरूका मतानुसार द्वितीय विश्वयुद्धको बीउ वार्सायको सन्धिले नै छरिदिएको थियो र यस आर्थिक सङ्कटले दोस्रो विश्वयुद्धको वातावरण तयार गरिदियो । यस सङ्कटले युरोपीय देशहरूमा पूँजीवादप्रति रहेको श्रद्धा कम पारिदियो, जसले प्रजातन्त्रलाई कमजोर बनायो र अधिनायकवादको पोषण गर्‍यो । पूँजीवादप्रति श्रद्धा कम भएको कारण युरोपवासीको ध्यान साम्यवादतिर तानियो । साम्यवादको बढ्दो प्रभावले युरोपेलीहरूलाई चिन्तित बनायो । उनीहरूको विश्वास अब सामूहिक सुरक्षामा रहेन । अत: उनीहरू आफ्नो सुरक्षा अब व्यक्तिगतरूपले गर्न थाले जस्तो हालका दिनहरूमा देखा परिरहेको छ । यस कारण उनीहरूले अब तुष्टीकरणको नीति अवलम्बन गरे । जापानले मन्चुरियामाथि र इटलीले इथोपियामाथि गरेको आक्रामक नीतिप्रति पनि उनीहरू सहिष्णु बनिरहे ।

यसपछि हिटलरले जब वार्साय सन्धिको उल्लङ्घन गरे र साम्राज्यवादी नीति पालन गर्न थाले त्यसबेला इङ्गल्यान्ड र फ्रान्सलाई रोक्ने निहुँमा मुसोलिनी र हिटलरले स्पेनको गृहयुद्धमा त्यहाँको सरकारविरुद्ध जनरल फ्रेंकोलाई खुलेर सहयोग गरे । इङ्गल्यान्ड, फ्रान्स र लिग अफ नेशन्स यस क्रियाकलापप्रति मौन बसे । यसको परिणाम के भयो भने सन् १९१९ मा नै तानाशाह हिटलरले द्वितीय विश्वयुद्धको श्रीगणेश गरिदिए र यसको मूल कारण आर्थिक सङ्कट नै थियो । यो द्वितीय विश्वयुद्ध प्रथम विश्वयुद्धभन्दा पनि बढी अनिष्टकारी साबित भयो ।

विश्वव्यापी आर्थिक मन्दीबाट इटलीले पनि आफूलाई सुरक्षित राख्न सकेन । देशको दयनीय आन्तरिक स्थितिले गर्दा जनसाधारणको ध्यान आर्थिक कठिनाईबाट हटाउन युद्धको सहारा लियो । अफ्रिकाको एउटा कमजोर राष्ट्र अबिसिनियामाथि इटलीले आक्रमण गर्नु यसै उद्देश्य पूर्तिको उदाहरण हो । ग्रेट ब्रिटेन र फ्रान्सले लिग अफ नेशन्सको उपेक्षा गर्दै जर्मनी र इटलीप्रति तुष्टीकरणको नीतिअँगाले जसलाई द्वितीय विश्वयुद्धको लागि उत्तरदायी मान्न सकिन्छ । यसर्थ हरेक दृष्टिकोणले आर्थिक मन्दीको कारण र प्रभावलाई अध्ययन गर्दा के भन्न सकिन्छ भने आर्थिक मन्दीको प्रभाव युरोपको भविष्यको लागि कुनै पनि प्रकारले राम्रो साबित भएन । आर्थिक मन्दीले गर्दा सन् १९२९ देखि सन् १९३१ बीच युरोपको स्थिति दयनीय रहृयो र युरोप बिस्तारै खुम्चिएर आफ्नो राष्ट्रिय सीमामा सीमित हुन पुग्यो ।

# नेपालको स्वास्थ्य आपत्कालीन तयारीमा सघाउने डब्ल्युएचओको प्रतिबद्धता

काठमाडौं, ११ वैशाख/रासस

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले नेपालको स्वास्थ्य आपत्कालीन तयारीलाई सुदृढ बनाउन तथा स्वास्थ्य क्षेत्रका प्राथमिकतामा सघाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले आज आयोजित पत्रकार सम्मेलनमा आफ्नो निमन्त्रणमा डब्ल्युएचओका महानिर्देशक डा टेड्रोस अधानोम गेब्रेयसबाट शनिवार सम्पन्न नेपालको तीन दिने औपचारिक भ्रमण र त्यस क्रममा भएका छलफलबारे जानकारी दिएका हुन् ।

नेपालमा बाल तथा स्त्रीरोग ओन्कोलोजीमा केन्द्रित मातृ र बाल स्वास्थ्य सहकार्य केन्द्र स्थापना, कीटजन्य रोगको तालीम तथा अनुसन्धान केन्द्रलाई डब्ल्युएचओको दक्षिणपूर्वी एशियाली क्षेत्रीय केन्द्रका रूपमा विकास गर्न, अत्यावश्यक औषधि उत्पादन र शल्य चिकित्सासम्बन्धी स्वास्थ्य उद्योग स्थापनाका साथै नेपाली विज्ञहरूलाई अवसर एवं क्षमता विकासमा सहयोग गर्ने प्रतिबद्धता महानिर्देशकले व्यक्त गरेको उनले बताए ।

महानिर्देशक टेड्रोसले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा चासो लिंदै अत्याधुनिक आनुवंशिक प्रयोगशालाको विकास, उपकरण र प्रशिक्षणमा सहयोग गर्ने अभिलाषा प्रकट गरेका छन् । डब्ल्युएचओका प्रतिनिधिमण्डलसमक्ष नेपालले प्रस्तुत गरेका विषयलाई उनले सकारात्मकरूपमा लिएर तिनको कार्यान्वयन, आवश्यक कार्ययोजनासहित प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको जानकारी मन्त्री खतिवडाले दिए ।

राष्ट्रिय खोप कार्यक्रम, आपत्कालीन तयारी र प्रतिकार्य प्रणाली सुदृढ बनाउन डब्ल्युएचओले सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको उनले जानकारी दिए । नेपालको स्वास्थ्य क्षेत्रको विकासमा डब्ल्युएचओले सहयोग गर्दै आएको छ ।

पाठक प्रतिक्रिया

## बन्द गर्नुस् यो खेल

९ गते प्रतीकमा श्रीमन्नारायणको लेख 'स्वदेशी लगानीमा बूढीगण्डकी परियोजनाको निर्माण हुने' पढें । यस जिन्नलाई बाँसको खामोमा चढाउने र उतार्ने खेल बन्द गर्नुपर्छ किनभने चीन तपाईंको कथाको आज्ञाकारी जिन्न होइन । असन्तुष्ट भएर यसपालि वाङ यीले स्पष्ट भनेर गए कि नेपालीले आफ्नो प्रणाली स्वयम् छान्ने अधिकार राख्छ । यसको मतलब धेरै टाढासम्म जान्छ । यस समाचारपछि हाउयान्छीले भर्चुअल असन्तुष्टि जाहेर गरिन् । उनले भनिन्– नेपालका सबै चिनियाँ परियोजना बिआरआई अन्तर्गतका हुन् र बिआरआईको ऋण अनुदान र कमर्शियल ऋण नै हो । यो धम्कीपछि बुझ्नुपर्छ कि त्यो लिने कि नलिने ? अनुदानमा त्यो परिवर्तित हुँदैन । मतलब तपाईंले भनेको सहुलियत ऋण पनि चीनलाई स्वीकार छैन । तातोपानीको नाकाबन्दी पनि स्वीकार गरेकी छैनन् । नेपालको आर्थिक हालत खस्ता छ । छ महीना मात्र पुग्ने विदेशी मुद्रा छ । यस्तोमा दुई खर्बको परियोजना नेपाल आफैंले बनाउँछ भन्ने कुरा चीनले कसरी पत्याउने ? विनाप्रतिस्पर्धा गेजुवालाई यो परियोजना दिनु हाम्रो चीनप्रति समर्पणको कथा हो । १२०० मेगावाटबाट ८०० मा झार्नु पनि उसको बदमाशी हो । तर एकपटक दिइसकेपछि त्यसलाई फिर्ता लिनुले कसैको पनि चित्त दुख्छ नै । यस्तो चीनलाई सरासर चिढाउने गलत कुराको समर्थन गर्न सकिन्न । यही हाल रहे कसैले नेपालमाथि विश्वास गर्नेछैन । अमेरिकाको त्यति फजिहत भएपछि बल्ल एमसिसी पास भयो । भारतको त कुरै छाडौं । त्यो त चौबीसैं घण्टा गाली सुन्ने पात्र भइ नै हाल्यो । सर्कसको यो खेल तुरुन्त बन्द हुनुपर्छ । दलको लाभ–हानिमा देशको आहुति दिन पाइँदैन ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# विद्युत् खपत बढाउन नेपाली सेनालाई आग्रह

काठमाडौं, ११ वैशाख/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री




पम्फा भुसालसँग प्रधानसेनापति महारथी प्रभुराम शर्माले आज भेटवार्ता गरे। त्यस अवसरमा उनीहरूबीच विद्युत् विकास तथा खपतका विषयमा छलफल भयो।

मन्त्री भुसालले विद्युत् खपत बढाउन नेपाली सेनालाई आग्रह गरिन्। सेनाको भान्सामा प्रयोग हुने अन्य इन्धनलाई बिजुलीले विस्थापित गर्न जोड दिँदै उनले भनिन्–"अब नेपाली सेनाका भान्सामा जलविद्युत् नै प्रयोग गरौं। त्यसका लागि आवश्यक पूर्वाधार तयार गर्न मन्त्रालय तयार छ।"

उनले नेपाली सेनाले प्रयोग गर्ने सवारी साधनलाई विद्युतीय सवारी साधनमा परिणत गर्न र आगामी दिनमा विद्युतीय सवारी साधन नै खरीद गर्नेगरी निर्णय लिन पनि आग्रह गरिन्। आफूले निरन्तर विद्युत् खपत र निर्यातमा जोड दिइरहेको उल्लेख गर्दै मन्त्री भुसालले भनिन्–"विद्युत् खपत बढाएर स्वदेशी ऊर्जा प्रवर्द्धन गर्नु हामी सबैको दायित्व हो। विद्युत् खपत हुँदा हाम्रो पूँजी बाहिर जाँदैन।"

मन्त्री भुसालले नेपाली सेनाले पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएको उल्लेख गर्दै उनले आगामी दिनमा जलविद्युत् परियोजनाको विकासमा पनि सेनाको योगदान रहने विश्वास व्यक्त गरिन्।

प्रधानसेनापतिले नेपाली सेनाको भान्सा विद्युतीकरणतर्फ अगाडि बढेको र आगामी दिनमा त्यसलाई पूर्णरूपमा लागू गर्दै लैजाने विश्वास दिलाए। उनले भने–"हामीले खाना पकाउन ठूलो स्टिमरको प्रयोग गर्न शुरू गरेका छौं, आगामी दिनमा सबै ब्यारेकमा विद्युतीय चुल्हो प्रयोग गर्दै लैजाने छौं।" महारथी शर्माले नेपाली सेनाले प्रयोग गर्दै आएको पेट्रोलियम सवारी साधनलाई विद्युतीयमा 'कन्भर्ट' गर्न शुरू गरिसकेको जानकारी दिँदै भने–"म विद्युतीय गाडी नै चढ्छु। आगामी दिनमा खरीद गर्ने सवारी साधन विद्युतीय नै हुनेछ।"

वातारण संरक्षण र देशको अर्थतन्त्रमा टेवा दिन विद्युत् खपत बढाउनुपर्ने आफ्नो धारणा रहेको बताउँदै उनले नीतिगतरूपमै सरकारले निर्णय गरे नेपाली सेनाले पनि जलविद्युत् विकासमा लगानी गर्न सक्ने धारणा व्यक्त गरे। उनले जलविद्युत् परियोजना विकासमा नेपाली सेनाले सहजीकरण गर्ने विश्वास दिलाए।

छलफलमा मन्त्रालयका सहसचिव बाबूराम भण्डारी र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थिति थियो। त्यस अघि ऊर्जामन्त्रीले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग विद्युत् खपतका विषयमा विभिन्न चरणमा छलफल गरेकी थिइन्।

# 'निर्माण होलिडे' मा परे तीन हजार ५०० आयोजना

काठमाडौं, ११ वैशाख/रासस

नेपाल निर्माण व्यवसायी महासङ्घले




निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले काम गर्न सक्ने वातावरण नभएको भन्दै 'निर्माण होलिडे' शुरू गरेको छ।

निर्माण उद्योग पछिल्लो समयमा निर्माण सामग्रीमा भएको अत्यधिक मूल्यवृद्धि, सार्वजनिक खरिद नियमावलीको ११औं संशोधनका केही त्रुटिपूर्ण बुँदा, बीमा निर्देशिका २०७८ का प्रावधानलगायत समस्यामा परेको महासङ्घले जनाएको छ। निर्माण सामग्रीको विरोधमा आजदेखि करीब ३५०० आयोजनाका काम रोकिएको छ।

निर्माण व्यवसाय धराशायी भएका कारण 'निर्माण होलिडे' गर्नुपरेको महासङ्घका अध्यक्ष रवि सिंहले बताए।

निर्माण उद्योग धराशायी भएका कारण १७ हजारभन्दा बढी व्यवसायी पेशाबाटै पलायन हुने अवस्थामा पुगेको उनको भनाइ छ। महत्त्वपूर्ण १५०० आयोजनाको काम भने जारी छ। 'निर्माण होलिडे' आजदेखि शुरू गरिए पनि यही वैशाख १३ गतेदेखि ७७ वटै जिल्ला प्रशासन कार्यालय र सातवटै प्रदेशस्थित मुख्यमन्त्रीको कार्यालयमा धर्ना दिइने छ। वैशाख ११ र १२ गते स्थानीय तह निर्वाचनको उम्मेदवारी दर्ताको कार्यतालिका तोकिएकोले धर्ना नराखिएको हो।

निर्माण उद्योग धराशायी हुँदा समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने भएकोले समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराइएको महासङ्घको भनाइ छ। यस अघि सरकारको ध्यानाकर्षण गराई समयसीमा तोक्दासमेत माग पूरा नभएकोले आन्दोलनमा उत्रन बाध्य हुनुपरेको महासङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अनौपचारिकरूपमा धर्नाका कार्यक्रम भने महासङ्घले बिहीवारदेखि नै शुरू गरिसकेको छ। बिहीवार र शुक्रवार सार्वजनिक खरीद अनुगमन कार्यालय र बीमा समितिमा एक/एक घण्टा शान्तिपूर्ण धर्ना दिइएको थियो। स्थानीय तहको निर्वाचनको समय भएकोले १३ गतेदेखि आन्दोलन नै गर्नु नपर्नेगरी माग पूरा गर्न महासङ्घले सरकारसँग आग्रह गरेको छ।

मूल्यवृद्धि समायोजन गर्न, सार्वजनिक खरिद नियमावली २०७८ को ११ औं संशोधनमा रहेका अमिल्दा बुँदा परिमार्जन गर्नुपर्ने र बीमा निर्देशिका २०७८ खारेज हुनुपर्ने माग गरिएको महासचिव रोशन दाहालले बताए। बीमा निर्देशिका खारेजी मागमा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान) ले पनि ऐक्यबद्धता जनाएको सहभागी भएको जनाइएको छ।



पर्साको बहुदरमाई नगरपालिका–२ की दलित महिला घरधन्धा सकाएर भाडा माझ्दै। यस नगरपालिका अन्तर्गत सयजना दलित समुदायमध्ये अति विपन्न ३० जना दलितका मानिसहरूलाई चार कोठे घर निर्माण गर्दै छ। तस्वीरः पङ्कज श्रेष्ठ

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि




काठमाडौं, ११ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार भने उच्च अङ्कले उकालो लागेको छ। लगातार ओरालो लागेर न्यून बिन्दुमा ओर्लेको बजारमा उच्च अङ्कको वृद्धि भएको हो।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ९५.५२ अङ्कले उकालो लागेर दुई हजार ४२०.९६ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १७.७४ अङ्कले उकालो लागेर ४६०.८८ मा पुगेको छ।

नेप्से उच्च अङ्कले उकालो लागे पनि कारोबार रकम भने खासै वृद्धि हुन सकेको छैन। कुल २३० कम्पनीको ६६ लाख ३९ हजार ५०४ कित्ता शेयर रु दुई अर्ब ५३ करोड १२ लाख ७५ हजार ५९३ मूल्यमा खरीद–बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहको शेयर मूल्य उकालो लागेको छ। बैंकिङ ४२.१२, व्यापार २२.७९, होटल तथा पर्यटन ८४.९३, विकास बैंक २६२.३७, जलविद्युत् १८९.१७, वित्त १४३.६७, निर्जीवन बीमा ४३४.३७, उत्पादन १५६.४६, अन्य ८८.७६, लघुवित्त १७९.४२, जीवन बीमा ४२३.३७, सामूहिक लगानी कोष ०.३१ र लगानी ४.३३ अङ्कले उकालो लागेका छन्।

आइतवारको कारोबारपछि बजार पूँजीकरण रु ३४ खर्ब ४३ अर्ब ८१ करोड १७ लाख ९६ हजार ५६६ बराबर पुगेको छ। नेप्सेका अनुसार कारोबारका आधारमा सानिमा बैंकको संस्थापक शेयरको कारोबार शीर्ष स्थानमा छ। सो बैंकको रु २२ करोड बराबरको शेयर कारोबार भएको छ।

त्यस्तै, शिवम् सिमेन्ट रु ११ करोड ७६ लाख २२ हजार ७३३, अरुण भ्याली हाइड्रोपावर रु नौ करोड १२ लाख २० हजार १५७, हिमालयन डिस्टिलरी रु आठ करोड ४१ लाख १७ हजार ९३८ र नेपाल लाइफ इन्स्योरेन्स रु सात करोड ३४ लाख २९ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

# नेपालको भूमि ११ क्षेत्रमा वर्गीकरण

काठमाडौं, ११ वैशाख/रासस

नेपाल सरकारले भूमिलाई विभिन्न ११ क्षेत्रमा वर्गीकरण गरेको छ। वन तथा वातावरण मन्त्रालयले शनिवार सार्वजनिक गरेको 'राष्ट्रिय भूक्षेत्र अनुगमन' (नेशनल ल्यान्डकभर मोनिटरिङ सिस्टम) अनुसार भूमिलाई वन, कृषि, घाँसे मैदान, बुट्यान, सिमसार, हिउँ, हिमनदी, चट्टान, बगर, आवास र वनस्पतिरहित क्षेत्रमा विभाजन गरिएको छ।

मन्त्रालयले गत चैत ७ गते स्वीकृत गरेको उक्त प्रणाली विश्व पृथ्वी दिवसका अवसरमा सार्वजनिक गरेको हो।

प्रणालीमा हरेक वर्ष भू–उपग्रहबाट खिचिएका नक्शा तथा तस्वीरको प्रयोग गरी अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने उद्देश्य राखिएको छ। यस प्रणालीको प्रयोग गरी सन् २००० देखि २०१९ सम्मको राष्ट्रिय, प्रादेशिक र भौगोलिक क्षेत्र अनुसारको ल्यान्डकभर नक्शा तयार गरिएको मन्त्रालयका प्रवक्ता मेघनाथ काफ्लेले जानकारी दिए।

नक्शाका आधारमा सन् २००० मा देशको वनक्षेत्र ३९.९९ प्रतिशत देखिएकोमा सन् २०१९ मा ४१.६९ प्रतिशत पुग्न गई वन क्षेत्र वृद्धि भएको देखिन्छ। त्यसैगरी कृषि क्षेत्र सन् २००० मा २६.३१ प्रतिशत रहेकोमा सन् २०१९ मा घटेर २४.२१ प्रतिशत हुन गएको देखिन्छ।

दिगो विकासका लागि आधारभूत स्रोतका रूपमा रहेका वन, कृषि, चरण, जल तथा आवासीय क्षेत्रको अवस्थिति र वितरणसम्बन्धी तथ्याङ्क तथा सूचना महत्त्वपूर्ण मानिन्छ।

उक्त प्रणाली मन्त्रालयको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नापी विभाग, इसिमोड, युएसआइडीलगायत अन्य सम्बद्ध पक्षको सहकार्यमा तयार गरेको हो।

# एमालेले टुङ्ग्यायो मनपा र उपमनपाको उम्मेदवार

भक्तपुर, ११ वैशाख/रासस

नेकपा (एमाले)ले विभिन्न महानगरपालिका, उपमहानगरपालिकाका नगरप्रमुख तथा उपप्रमुखको उम्मेदवार टुङ्ग्याएको छ। पार्टी अध्यक्ष केपीशर्मा ओली निवास बालकोटमा शनिवार सम्पन्न एमाले केन्द्रीय सचिवालय बैठकले ६ महानगरपालिका र ११ उपमहानगरपालिकाको उम्मेदवारको नाम टुङ्गो लगाएको, बैठकपछि एमाले उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

उनका अनुसार बैठकले काठमाडौं महानगरपालिकाको प्रमुखमा केशव स्थापित, उपप्रमुखमा सुनीता डङ्गोल, ललितपुरमा प्रमुख हरिकृष्ण व्यञ्जनकार, उपप्रमुख मञ्जली शाक्य बज्राचार्य, पोखरा प्रमुखमा दीपक पौडेल, उपप्रमुखमा मञ्जुदेवी गुरुङ, भरतपुरको प्रमुखमा विजय सुवेदी, वीरगंजमा प्रमुख विजय सरावगीलाई उम्मेदवार बनाउने गरी निर्णय गरेको छ। भरतपुर र वीरगंजको उपप्रमुख र विराटनगरको प्रमुख र उपप्रमुखको नाम भने टुङ्ग्याउन बाँकी रहेको प्रचार विभाग प्रमुख गुरुङले बताए।

केन्द्रीय सचिवालय बैठकबाट उपमहानगरपालिकातर्फ एमालेका उम्मेदवारहरू जनकपुर र जितपुर सिमराबाहेक अन्यत्र टुङ्ग्याइएको छ। उपमहानगरपालिकातर्फ धनगढीको प्रमुखमा रणबहादुर चन्द, उपप्रमुखमा चन्द्रकला राना थारु, नेपालगंजको प्रमुखमा पशुपतिदयाल मिश्र, उपप्रमुखमा शान्तिदेवी ढकाल, तुलसीपुरको प्रमुखमा टीकाराम खड्का, उपप्रमुखमा सानी चौधरी, घोराहीको प्रमुखमा नरूलाल चौधरी, उपप्रमुखमा मनकुमारी डिसी, बुटवलको प्रमुखमा बाबुराम भट्टराई, उपप्रमुखमा सावित्रादेवी अर्याल, हेटौंडाको प्रमुखमा अनन्त पौडेल, उपप्रमुखमा सुमित्रा काफ्ले, धरानको प्रमुखमा मञ्जु काफ्ले भण्डारी, उपप्रमुखमा पदम लिम्बू, इटहरीको प्रमुखमा यामकुमार सुब्बा, उपप्रमुखमा सङ्गीता चौधरी, कलैयाको प्रमुखमा विनोद साहलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

जनकपुरमा भने प्रमुख तथा उपप्रमुख दुवै बाँकी छ। यसैगरी कलैयाको उपप्रमुख र जितपुर सिमराको प्रमुख तथा उपप्रमुखको नाम टुङ्ग्याउन बाँकी राखेको छ। बाँकी ठाउँमा तालमेलको सम्भावनालाई मध्यनजर गर्दै अहिलेलाई नाम खाली राखेको प्रचार विभाग प्रमुख गुरुङले बताए।

# नेकाको सङ्कल्प : सार्वजनिक नगर्ने काम नभन्ने

काठमाडौं, ११ वैशाख/रासस

'नगर्ने काम नभन्ने, गर्ने कामलाई मात्रै प्राथमिकता' मा राखेको सत्तारूढ नेपाली काङ्ग्रेसले आज आफ्नो सङ्कल्प सार्वजनिक गरेको छ। काङ्ग्रेसले घोषणापत्र नभनी 'सङ्कल्प' नाम दिएको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित एक कार्यक्रममा नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले उक्त घोषणापत्र सार्वजनिक गरे। काङ्ग्रेसले महामन्त्री गगनकुमार थापाको संयोजकत्वका एउटा कार्यदल बनाएर घोषणापत्र तयारीको काम गरेको थियो।

सभापति देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का तथा धनराज गुरुङ, महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मालगायतले संयुक्तरूपमा घोषणापत्र सार्वजनिक गरे। काङ्ग्रेसले २०७४ सालदेखिको सरकारको काम कारबाईको समीक्षासमेत गरेको छ।

पार्टीको नीति र सिद्धान्त, सुशासनका मापदण्ड तथा जनप्रतिनिधिको उत्तरदायित्व पूर्णरूपमा आत्मसात् गर्दै पार्टीका तर्फबाट स्थानीय सरकारको नेतृत्व गर्ने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यले गर्ने केही




महत्त्वपूर्ण कामसमेत 'काङ्ग्रेसको सङ्कल्प'मा समेटिएको छ।

जनताको करबाट उठेको राजस्वलाई भ्युटावर, स्वागतद्वारजस्ता अनुत्पादक क्षेत्रमा लगानी नगर्ने, सरकारी सम्पत्तिको दुरुपयोग तथा प्राकृतिक स्रोत–साधनको दोहन हुन नदिने विषय प्रमुख प्राथमिकतामा राखिएको छ।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई केन्द्रमा राखेर आज उक्त सङ्कल्प सार्वजनिक गरिएको काङ्ग्रेसले जनाएको छ।

निर्वाचन आयोगले उम्मेदवार मनोनयन आजदेखि नै शुरू गरेको छ। सत्ता गठबन्धनको नेतृत्वकर्ता काङ्ग्रेसलगायत दलले एकापसमा मिलेर निर्वाचनमा जाने सहमति गरिसकेको छ।

# देशभर उम्मेदवार मनोनयन शुरू, यस्तो छ निर्वाचन कार्यतालिका

काठमाडौं, ११ वैशाख/रासस

आसन्न स्थानीय तह निर्वाचन, २०७९ का लागि उम्मेदवारको मनोनयन शुरू भएको छ। देशका ७५३ स्थानीय तहमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा बिहान १० बजेदेखि उम्मेदवारी मनोनयन शुरू भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले आज बिहान १० देखि अपराहन ५ बजेसम्म र सोमवार पनि बिहान १० देखि अपराहन ५ बजेसम्म उम्मेदवारले मनोनयन दर्ता गर्न सक्ने कार्यतालिका बनाएको छ। विगतका स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम एक दिन मात्र रहेकोमा एक दिनमा मनोनयन दर्ता गर्दा उम्मेदवार, राजनीतिक दल, निर्वाचन अधिकृतको कार्यालयसमेतले चाप धान्न कठिन हुने र केही स्थानीय तहको उम्मेवारी दर्ता भोलिपल्ट बिहानसम्म गर्नुपरेकाले उम्मेदवारको मनोनय दुई दिन राख्न राजनीतिक दल तथा सरोकारवालाबाट प्राप्त सुझावका आधारमा आइतवार र सोमवार मनोनयन दर्ता गर्ने कार्यक्रम बनाइएको आयोगको प्रस्टीकरण छ।

यही वैशाख ८ गते देशभरका स्थानीय तहका केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका थिए। कानूनबमोजिम स्थानीय तह सदस्यको निर्वाचनमा उम्मेदवार बन्न योग्यता पुगेका कुनै पनि व्यक्तिले कुनै पनि समयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारीका लागि मनोनयन दर्ता गर्न सक्ने आयोगले जनाएको छ।



काठमाडौंको मेयर पदमा स्वतन्त्र उमेदवारी दर्ता गरेपछि गायक वालेन शाह। तस्वीर : रासस

स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख पदका लागि उम्मेदवारी दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, धरौटी राखेको बैंक भौचर वा नगद रसिद, दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको औपचारिक पत्र र सम्बन्धित स्थानीय तहको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा वडाअध्यक्ष र वडा सदस्यले सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा तथा उम्मेदवारको स्वघोषणा पेश गर्नुपर्नेछ। दलित महिला वडा सदस्यले दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पनि पेश गर्नुपर्ने आयोगले जनाएको छ।

स्थानीय तहको प्रमुख वा उपप्रमुखमा उम्मेदवारी दिने व्यक्तिले धरौटीबापत रु एक हजार ५००, वडाध्यक्षले रु एक हजार र वडा सदस्यले रु ५०० धरौटी राख्नुपर्ने आयोगले जनाएको छ। महिला, दलित, विपन्न तथा अल्पसङ्ख्यक उम्मेदवारको हकमा धरौटी रकममा ५० प्रतिशत छूट हुनेछ।

सोमवार साँझ नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ। वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने, वैशाख १४ र १५ गते मनोनयन पत्र जाँच गर्ने तथा उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यतालिका रहेको छ। मनोनयनसँग सम्बन्धित सम्पूर्ण कार्य सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट हुने आयोगले जनाएको छ।

# नौ महीनामा ६० अर्बको खाद्यान्न आयात, जुनेलोसमेत किन्न थालियो

-रमेश लम्साल

काठमाडौं, ११ वैशाख/रासस

नेपालको कुल कृषियोग्य भूमिमध्ये सात प्रतिशत खेतीयोग्य जमीन बाँझो छ। कृषि विकास मन्त्रालयका अनुसार देशभर कुल ३० लाख ९१ हजार हेक्टर जमीन खेतीयोग्य छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक दुई हजार नेपाली नागरिक रोजगारको खोजीमा विदेश उड्छन्। कृषि प्रधान मुलुकका रूपमा देश चित्रित छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत बराबर रहेको राष्ट्रिय तथ्याङ्क विभागको विवरणले जनाएको छ।

विप्रेषणको पैसामा उपभोग्य सामग्री खरीद गरेर जताबाट आयो उतै पठाउने नेपालीको आम प्रवृत्ति पछिल्लोपटक भन्सार विभागले चालू आवको चैत मसान्तसम्मको सार्वजनिक गरेको विवरणबाट स्पष्ट भएको छ। सो विवरण अनुसार नेपालमा अत्यधिक मात्रामा खाद्य पदार्थ आयात भइरहेको देखिएको छ। धान, मकै, कोदो नेपालका प्रमुख खाद्यबाली मानिए पनि चालू आर्थिक वर्षको नौ महीनाको अवधिमा रु ५९ अर्ब २९ करोड ७० लाख ३६ हजार बराबरको आयात भएको छ।

एकातिर नेपालको जमीन बाँझो रहने अर्कोतर्फ जुनेलोसमेत आयात गरेर खानुपर्ने विषम अवस्थामा नेपाली पुगेका छन्। सरकारले कृषि उत्पादन बढाउनका लागि अनेकन नीति तथा कार्यक्रम बनाएको छ। तर लक्षित वर्गसम्म ती कार्यक्रम पुग्न सकेको छैन। गत वर्ष सरकारले केही कृषिउपजमा आत्मनिर्भर भएको घोषणा पनि गऱ्यो। तर भन्सार विभागको तथ्याङ्कले सो दाबीलाई गलत साबित गरिदिएको छ। जमीन बाँझो राखेर विदेशी मुद्रा खर्चेर धान, चामल, गहुँ र कोदो आयात भइरहेको डरलाग्दो तथ्याङ्क सार्वजनिक भएको छ।


आयातित विभिन्न वस्तु वीरगंज आइसिपीबाट नेपाल प्रवेश गरिदै। तस्वीर: प्रतीक

मुलुक स्थानीय तहको निर्वाचनको सँघारमा आइपुगेको छ। प्रमुख राजनीतिक दलले यो विषयलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने दायित्व अझै बढेर गएको छ। तर हालसम्म सार्वजनिक भएका राजनीतिक दलका घोषणापत्रले खाद्यान्न आयात घटाउने विषयलाई प्राथमिकतामा राख्न नसकेको गुनासो पनि उत्तिकै आएको छ। विभागका अनुसार चालू आवको चैत मसान्तसम्म रु १४ अर्ब ९७ करोड २३ लाख ६८ हजार मूल्य बराबरको ५० करोड ८८ लाख ७८ हजार ३०८ केजी धान आयात भएको छ। त्यसबाट सरकारले रु ७५ करोड चार लाख बराबरको राजस्व सङ्कलन गरेको छ।

त्यस्तै धानको बीउ मात्रै रु २४ करोड ८३ लाख ६९ हजार बराबरको कुल १६ लाख ९९ हजार ७८९ केजी आयात भएको छ। चामलको अवस्था पनि उस्तै छ। नेपालीको स्वभाव अनुसार भात नै खानुपर्ने आवश्यकताका कारण चामल आयात उल्लेख्य वृद्धि भएको छ। विभागका अनुसार चैत मसान्तसम्म रु १९ अर्ब १९ करोड ८२ लाख ९५ हजार बराबर मूल्यको ३७ करोड २० लाख ८७ हजार ४११ केजी सेमी पोलिस चामल आयात भएको विवरण छ।

यसैगरी पोलिस नगरिएको रु चार अर्ब ४९ करोड ६३ लाख ९५ हजार बराबरको छ करोड तीन लाख ५८ हजार ४५३ केजी चामल आयात भएको तथ्याङ्क छ।

**पन्ध्र अर्बको मकै आयात**

धान, मकै नेपालको प्रमुख बालीका रूपमा परिचित छ। पाखापखेरा जताततै मकै रोप्न सकिन्छ। तर विभागको विवरण अनुसार चालू आर्थिक वर्षको चैत मसान्तसम्म रु १५ अर्ब बढीको मकै आयात भएको देखिन्छ। कुल ४० करोड ३१ लाख ३३ हजार ८१३ केजी मकै सो अवधिमा नेपाल भित्रिएको छ। त्यसको लागत मूल्य मात्रै रु १३ अर्ब ९९ करोड ३९ लाख ४१ हजार बराबर छ।

यसैगरी सोही अवधिमा एक करोड ४८ लाख ७७ हजार ९९९ केजी मकैको बीउ आयात भएको छ। त्यसको लागत मूल्य रु एक अर्ब पाँच करोड ६६ लाख ६० हजार बराबर छ। मकैको आयातबाट सरकारले रु ७९ करोड ४४ लाख ३८ हजार बराबर राजस्व सङ्कलन गरेको छ।

**दुई करोडको कोदो**

नेपालको जलवायु कोदो खेतीका लागि उपयुक्त छ। तर कोदो खेती हुने जमीन बाँझो रहँदा नेपालीले रु दुई करोड

(बाँकी पाँचौं पातामा)

**सामुदायिक वनमा आगलागी** : सिम्ता गाउँपालिका सुर्खेतको लुकइमा आगलागी हुँदा सामुदायिक वन सखाप। यो आगो जाजरकोटको शिवालय- १ मा समेत प्रवेश गरेको छ। तस्वीर: रासस



## फरक समाचार

# लिथियम आयन ब्याट्रीले कसरी धर्तीलाई बचाउन सक्छ ?

संसारमा कार्बन उत्सर्जनमाथि नियन्त्रण गर्ने प्रयास भइरहेको छ। धर्तीको तापमान नबढोस् भने अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा नयाँ लक्ष्य तय भइरहेको छ। यसैबीच लिथियम ब्याट्री आशाको किरण बनेको छ।



सन् २०१९ मा लिथियम-आयन ब्याट्रीलाई रसायनशास्त्रको नोबेल पुरस्कार दिइएको थियो। यसलाई दुनियाँको जीवाश्म इन्धनबाट मुक्तिको औजारको रूपमा देखिएको छ। सन् १९९१ मा व्यावसायिक शुरूआत गर्दा यो नराम्रो प्रदर्शन थिएन। लिथियम-आयन ब्याट्री सन् १९९१ मा पहिलोपटक एउटा कैमकार्डरभित्र प्रयोग गरिएको थियो। त्यति बेला यस क्यामरालाई ठूलो क्रान्तिकारी पाइला मानिन्थ्यो तर असली गेमचेन्जर थियो, यसको निकै हलुका वजन र यसमा लाग्ने शक्तिशाली र रिजार्जेबल ब्याट्री। त्यसपछि चाँडै लिथियम-आयन ब्याट्रीको प्रयोग थुप्रै वस्तुमा हुन थाल्यो। ठूल्ठूला पावर टुल्सदेखि टुथब्रसमा यसको प्रयोग हुन थाल्यो।

यो ब्याट्रीको कारण स्मार्टफोनदेखि इलेक्ट्रोनिक कारको अस्तित्व सम्भव हुन सक्यो। अब यो ब्याट्री हाम्रो मोबाइल जिन्दगीलाई पनि अगाडि बढाउँछ। आज यसलाई क्लाइमेट हीरो भन्न सकिन्छ।

लिथियम ब्याट्रीको आविष्कार सन् १८०० मा भएको थियो। वास्तवमा पहिलो इलेक्ट्रिक कार सन् १८८० मा बनेको थियो तर कम्बशन इन्जिन बजारमा हालीमुहाली भएकोले इलेक्ट्रिक कारप्रति सर्वसाधारणको रुचि जागेन। तर अब धर्तीमा कार्बन उत्सर्जन कम गर्ने प्रयास भइरहेकोमा अहिले लिथियम ब्याट्रीको चलन धेरै भइरहेको छ।

संसारमा जति पनि कार्बन उत्सर्जन हुन्छ, त्यसको एक चौथाई जिम्मेवार गाडीको आवागमन हो। पवन र सौर्य स्रोतबाट बिजुली हासिल गर्ने प्रक्रियामा कम कार्बन उत्सर्जन हुन्छ। यदि दुनियाँले लिथियम-आयन ब्याट्रीबाट चल्ने इलेक्ट्रिक गाडी अँगाल्छ भने धर्तीको वातावरणमा फैलिने अर्बौं टन कार्बन डाइअक्साइड रोकिन्छ।

**बायोफियुलको ताकत:** आज दुनियाँको सडकमा एक करोड इलेक्ट्रिक कार छन्। यस दशकको अन्त्यमा साढे चौध करोड इलेक्ट्रिक कार सडकमा दौडिने अनुमान छ। त्यसको लागि हामीलाई ठूलो परिमाणमा ब्याट्री आवश्यक पर्छ।

लिथियम ब्याट्रीका उत्पादकले संसारमा यसको विशालकाय प्लान्ट बनाइरहेका छन्। यी ठूला कारखाना केवल इलेक्ट्रिक कारको लागि मात्र सहयोगी साबित हुने छैनन्। टेक बिलियनेयर एलन मस्कले भनेका थिए, यदि दुनियाँमा यस प्रकारको एक सय गिगा कारखाना भयो भने हाम्रो घरदेखि गाडी हरेक वस्तु सौर्य ऊर्जाबाट चल्छ। यस्तो हेर्न हामीले प्रतीक्षा गर्नुपर्छ तर यसमा कुनै शङ्का छैन कि जब सूर्य चम्किंदैन र हावा चल्दैन, त्यति बेला लिथियम आयन ब्याट्री क्लिन इनर्जी भण्डारण गरेर राख्न सकिन्छ। यसबाट यसको प्रतिद्वन्द्वी जैव इन्धनको ताकत र विश्वसनीयतालाई ठूलो खतरा उत्पन्न हुन सक्छ।

**क्लिन इनर्जीको हार्भेस्टिङ:** अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन चलाउन पहिलेदेखि नै लिथियम आयन ब्याट्रीको प्रयोग भइरहेको छ। यो सूर्यको प्रकाशबाट चार्ज हुन्छ।

बिहारको एउटा गाउँमा पहिलोपटक सन् २०१४ मा यस प्रविधिको कारणले बिजुली आएको थियो। मान्छे इन्धनको लागि दाउरा, मटीतेल र डिजेलको प्रयोग गर्दथे। तर लिथियम आयन ब्याट्रीसँग सम्बन्धित सोलार प्यानलको कारण गाउँलेहरूले स्वच्छ ऊर्जाको आनन्द लिंदैछन्।

न्यूयोर्कको ब्रुकलिन शहरमा लिथियम आयन ब्याट्री, सोलार प्यानल, कन्भर्टर र स्मार्ट मिटरको नेटवर्कको माध्यमबाट मान्छेहरू आफ्नो वरपरको इलाकामा नै माइक्रो ग्रीड क्लिन इनर्जीको हार्भेस्टिङ, भण्डारण र वितरण गर्दैछन्। भविष्यमा हामी सबै सोलार बिजुली उत्पन्न गरेर भित्तामा लगाइएको आफ्नो पावर बैंकमा भण्डारण गर्न सक्छौं।

**नयाँ इन्फ्रास्ट्रक्चरको आवश्यकता:** यद्यपि ठूलो परिमाणमा स्वच्छ ऊर्जाको प्रयोगको लागि हामीलाई ठूलो मात्रामा नयाँ इन्फ्रास्ट्रक्चर आवश्यक पर्छ। हामीलाई लाखौं नयाँ ठूला, मझौला र छोटो इलेक्ट्रिकल गाडीको लागि चार्जिङ केन्द्र चाहिन्छ।

केही अन्य चुनौती पनि छन्। लिथियम निकाल्न ठूलो मात्रामा भूमिगत पानी बाहिर निकाल्नुपर्छ। त्यसपछि यस नुनिलो पानीलाई वाष्पीकृत गर्न छाड्नुपर्छ। यसबाट पानीको समस्या हुन सक्छ। साथै यसबाट विषाक्त फोहर पनि उत्पन्न हुन्छ। अर्को चुनौती कोबाल्ट हो। लिथियम आयन ब्याट्री यसै एक धातुमाथि निर्भर छ। संसारको ७० प्रतिशत कोबाल्ट अफ्रिकी देश कङ्गोमा पाइन्छ। तर त्यहाँ कोबाल्टको माइनिङमा खतरा छ।

कोबाल्टको मूल्य निकै बढी छ। यसको बावजुद कङ्गो संसारकै सबैभन्दा गरीब देशमध्ये एक हो। लिथियम आयन ब्याट्री सधैंको लागि हुँदैन। यसको अलावा पाँच प्रतिशत ब्याट्री मात्र रि-साइक्लिङ हुन्छ। टनका टन ब्याट्री ल्यान्डफिलमा राख्दा यसमा यदि टुटफुट भयो भने जमीनभित्र आगो पनि लाग्न सक्छ।

अघिल्लो सदीको लागि ब्याट्री विकसित गर्न यी चुनौतीहरूलाई बुझ्नुपर्छ। आज ब्याट्री रिसर्च एउटा रोमाञ्चक क्षेत्र बनेको छ। जसरी नयाँ धातुको नयाँ विकल्प आइरहेको छ, त्यसरी नै कोबाल्टको विकल्प पनि आउँदैछ। लिथियम आयनको लागि यस धातुको निर्भरता पनि कम हुँदैछ। यद्यपि अहिले यो धेरै प्रयोग भइरहेको छैन तर रिसाइक्लिङमाथि जोड दिन सकिन्छ।

सिङ्गापुरको एउटा रिसाइक्लिङ प्लान्टले दुई लाख ८० हजार ब्याट्रीलाई एक दिनमा ९९ प्रतिशतसम्म तामा, निकेल, लिथियम र कोबाल्टको धूलोमा परिणत गर्न सक्छ। यसको ९० प्रतिशतसम्म रिकभरी रेट हुन्छ।

तीव्र चार्ज हुने ठोस लिथियम ब्याट्री भविष्यको सम्भावना हो। यस्तो ब्याट्री, जसमा बढी ऊर्जा हुन्छ र हजारौं चार्ज साइकिल हुन्छ।

अहिलेसम्म हामी त्यहाँसम्म पुगेका छैनौं तर लिथियम आयन टेक्नोलोजीलाई उत्कृष्ट बनाउने दिशामा वैश्विक प्रतिस्पर्धा भइरहेको छ। यसबाट धर्तीलाई बचाउन यस ब्याट्रीको क्रान्ति अहिले शुरूआत मात्र भएको छ।

– बिबिसी हिन्दीबाट अनुवाद

# अन्तर्राष्ट्रिय समाचार

## तेल प्रशोधन केन्द्रमा विस्फोट, १०० भन्दा बढीको मृत्यु


तस्वीरः सिन्ह्वा

अबुजा, ११ वैशाख/सिन्ह्वा

नाइजेरियाको दक्षिण प्रान्तमा इमोमा रहेको एउटा तेल प्रशोधन केन्द्रमा भएको विस्फोटमा १०० जनाभन्दा बढीको ज्यान गएको अधिकारीहरूले जनाएका छन् । नाइजेरियाका अधिकारीहरूका अनुसार तेल प्रशोधन केन्द्र विधिवत् दर्ता नभई अवैधरूपमा सञ्चालित रहेको बताइएको छ ।

इमो प्रान्तका प्रहरी प्रमुखले सो प्रशोधन केन्द्रमा शुक्रवार अबेर राति विस्फोटन भएको थियो । त्यस क्रममा काममा रहेका १०० जनाभन्दा बढी कर्मचारीको ज्यान गएको छ । उक्त प्रशोधन केन्द्रमा काम गरिरहेका बखत अकस्मात् आगलागी भएको र लगत्तै विस्फोट भएको थियो । त्यसमा परेर अरू केही व्यक्ति घाइते पनि भएका छन् ।

उक्त केन्द्र प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको बताइएको छ । अवैधरूपमा सञ्चालित सो तेल प्रशोधन केन्द्रमा आवश्यक सुरक्षा मापदण्ड पालना नगरिएकोले यो दुर्घटना भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । रासस

## इजरायलका प्रधानमन्त्रीद्वारा महासचिव गुटेर्रेससँग गाजा तनावबारे छलफल

इजरायल, ११ वैशाख /एएनआई/स्पुतनिक

इजरायली प्रधानमन्त्री नाफ्ताली बेनेटले शनिवार संयुक्त राष्ट्रसङ्घका व्यक्त गरेका छन् ।

प्रधानमन्त्रीको आधिकारिक ट्विटर विज्ञप्तिमा भनिएको छ–बेनेट र गुटेर्रेसले झडप बढेको छ । सो झडपमा दुवै पक्षलाई चोटपटक लागेको बताइएको छ ।


तस्वीरः रायटर्स

महासचिव एन्टोनियो गुटेर्रेससँग टेलिफोन वार्ता गर्दै गाजाबाट हालैका दिनमा भएका आक्रमणका साथै रूस–युक्रेन युद्धको पछिल्लो अवस्थाबारे छलफल गरेका छन् ।

"प्रधानमन्त्री बेनेटले इजरायलमा भएको रकेट प्रहारको विषयमा संयुक्त राष्ट्रसङ्घले निन्दा नगरेकोमा असन्तोष रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोल्दिमिर जेलेन्स्कीलाई भेट्न संयुक्त राष्ट्रसङ्घका महासचिवको अपेक्षित भ्रमण र रूस र युक्रेनबीच स्थिति समाधान गर्ने प्रयासहरूबारे पनि छलफल गरे । जेरूसेलमको टेम्पल माउन्टमा विगत केही दिनदेखि प्यालेस्टिनी र इजरायली प्रहरीबीच

शुक्रवार संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ताले जनाए अनुसार संयुक्त राष्ट्रसङ्घले एन्टोनियो गुटेर्रेसको आगामी मस्को भ्रमण र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र विदेशमन्त्री सर्गेई लाभरोभसँग भेटवार्ता हुने कुराको पुष्टि गरेको छ। क्रेमलिनले पनि महासचिवको भ्रमणको पुष्टि गरेको छ । रासस

## इरानका राष्ट्रपतिद्वारा अफगानिस्तानमा भएको बम हमलाको निन्दा

तेहरान, ११ वैशाख/सिन्ह्वा

इरानका राष्ट्रपति इब्राहिम राइसीले हालै अफगानिस्तानमा भएको बम


इरानका राष्ट्रपति इब्राहिम राइसी । तस्वीरः सिन्ह्वा

विस्फोट र हत्याको निन्दा गरेका छन् । उनले अफगानिस्तानमा पछिल्ला समयमा पुनः हत्या–हिंसाका घटना हुन थालेको भन्दै यहाँका नागरिकको सुरक्षाका लागि ऐक्यबद्ध रहने बताएका छन् ।

उनले पछिल्ला दिनमा अफगानी विद्यालय, मस्जिद आदिमा बम हमला गरी नागरिकको ज्यान लिने काम बढ्दै गएको भन्दै यसतर्फ सतर्क रही नागरिकको सुरक्षा गर्न अफगान सरकारलाई आग्रह पनि गरेका छन् ।

अफगानिस्तानको कुन्दुज प्रान्तमा रहेको एउटा मस्जिदमा भएको विस्फोटनमा परी कम्तीमा २५ जनाको मृत्यु भएको थियो। शुक्रवार भएको सो घटनामा अरू झन्डै ४० जना घाइते भएका बताइएको छ । सो मस्जिदमा हरेक शुक्रवार हुने प्रार्थना सकिएको केही समयमैं मस्जिदमा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

शुक्रवार अपराह्नको विस्फोट निकै भयानक रहेको अधिकारीहरूले जनाएका छन् । घाइतेहरूलाई उपचारका लागि विभिन्न अस्पतालमा लगिएको छ । प्रहरीले घटनामा परी घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेकोले मृतकको सङ्ख्या बढ्न पनि सक्ने बताएको छ ।

सो विस्फोट भएलगत्तै घटनास्थलमा पुगेर तालिबान सरकारका सुरक्षाकर्मीले सुरक्षा दिएका र अनुसन्धान थालेका बताइएको छ । उक्त विस्फोटको जिम्मेवारी कसैले लिएको छैन। पछिल्ला केही दिनमा यहाँ विस्फोटका घटना हुन थालेका छन्। अघिल्लो हप्ता मात्र भएका यस्तै विस्फोटहरूमा परेर ३४ जनाको मृत्यु भएको थियो भने अरू दर्जनौं व्यक्ति घाइते भएका थिए । रासस

पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौं
पर्यटक विकासमा सहयोग पुऱ्याऔं
वीरगंज महानगरपालिका

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यलाभ | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – रोगभय |
| तुला – कार्यनाश | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनखति |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## आन्तरिक राजस्व र मालपोतद्वारा लक्ष्यअनुरूप राजस्व सङ्कलन

प्रस, जीतपुर, ११ वैशाख/

आन्तरिक राजस्व कार्यालय, सिमराले नौ महीनामा रु नौ अर्ब राजस्व सङ्कलन गरेको प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले बताएका छन् ।

चालू आवको साउन–चैत नौ महीनामा राजस्व सङ्कलन गर्ने लक्ष्य रु आठ अर्ब ९६ करोड ५५ लाख २० हजार भएकोमा सो अवधिमा रु आठ अर्ब ९९ करोड ९५ लाख ७१ हजार राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत भण्डारीले बताए । उनले आयकरतर्फ रु ५६ करोड १० लाख २५ हजार, घर बहाल कर रु एक करोड ५२ लाख ८८ हजार, ब्याज कर रु एक करोड ७५ लाख ८९ हजार, मूल्य अभिवृद्धि कर रु ५६ करोड ९२ लाख ९५ हजार, अन्तःशुल्क रु पाँच अर्ब ६९ करोड ५५ हजार, स्वास्थ्य सेवा कर रु दुई अर्ब १४ अर्ब ६२ लाख तीन हजार,


प्रमुख कर अधिकृत नारायण भण्डारी

शिक्षा कर रु १७ हजार गरी रु आठ अर्ब ९९ करोड ९५ लाख ७१ हजार राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत भण्डारीले बताए ।

यसैगरी, मालपोत कार्यालय, सिमराले नौ महीनामा रु ४२ करोड राजस्व सङ्कलन गरेको लेखापाल तेजेन्द्र लम्सालले बताए ।

चालू आवको साउन–चैत नौ महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुर रु २६ करोड १२ लाख ४६ हजार, पूँजीगत लाभकर रु १२ करोड ८१ लाख २५ हजार, पुर्जा बिक्री सेवा शुल्क रु २४ हजार आठ सय, सेवा शुल्क रु आठ लाख ९९ हजार, घरजग्गा रोक्काबापत रु दुई करोड ४९ लाख ७५ हजार, विविध रु आठ लाख ४० हजार सङ्कलन भएको लेखापाल लम्सालले बताए ।

सो कार्यालय अन्तर्गत साबिक गाविसहरू रातोमाटे, पिपरासिमरा, भवानीपुर जीतपुर, छातापिपरा, फत्तेपुर, डुमरवाना, मनहर्वा, निजगढ र इनर्वासिरा पर्ने लेखापाल लम्सालले जानकारी गराएका छन् ।

## विन्दवासिनी गापाको वडाध्यक्षमा पटेलको स्वतन्त्र उम्मेदवारी

प्रस, परवानीपुर, ११ वैशाख/

पर्साको विन्दवासिनी गाउँपालिकाको वडा नं. ५ को वडाध्यक्ष पदमा स्वतन्त्रबाट दिलीपकुमार पटेलले उम्मेदवारी दिएका छन् ।

बिबिएस अध्ययनरत पटेल २७ वर्षका छन् ।

प्रसौनीभाठाको बाटसौरा गाउँ निवासी पटेल युवाहरूमा निक्कै लोकप्रिय छन्। गाउँ र वडाको विकासको एजेन्डा बोकेर उनले राजनीतिमा प्रवेश गरेको र स्वतन्त्र उम्मेदवारीबाट प्रतिस्पर्धा गरि रहेका छन् ।

उम्मेदवारी दर्ताको समयमा सयौं जनाको सङ्ख्यामा बाजागाजाको साथमा जुलुस निकालिएको थियो ।



## जसपाको इनर्वामा चुनावीसभा


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ११ वैशाख/

जनता समाजवादी पार्टी नेपालले शनिवार वीरगंज महानगरपालिका–१६ इनर्वा गाउँमा रात्रिसभाको आयोजना गरेको छ ।

रात्रिसभामा वीरगंज महानगरपालिकाको प्रमुख पदका उम्मेदवार राजेशमान सिंह, सङ्घीय सांसद प्रदीप यादवलगायतले मन्तव्य गरेका थिए । वडा नं १६ को अध्यक्ष पदका उम्मेदवार परशुराम चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रेमबाबू पटेल, मुकेश द्विवेदीलगायतले मन्तव्य राखेका थिए ।

## ब्राउन सुगरसहित तस्कर पक्राउ

प्रस, रक्सौल, ११ वैशाख/

रक्सौल रेल्वे स्टेशनबाट प्रहरीले एकजना तस्करलाई ब्राउन सुगरसहित पक्राउ गरेको छ ।

भारत, बिहार बेतिया निवासी दिपक चौधरीलाई प्रहरीले शनिवार साँझ ट्रेन चढ्ने बेला रक्सौल स्टेशन परिसरबाट पक्राउ गरेको छ ।

जिआरपि र आरपिएफको संयुक्त टोलीले गुप्त सूचनाको आधारमा चौधरीलाई सय ग्राम ब्राउन सुगरको साथमा पक्राउ गरेको छ। बरामद ब्राउन सुगरको मूल्य भारू ५ लाख रहेको प्रहरीले जनाएको छ ।

## कक्षा १२ को परीक्षा समयतालिका परिवर्तन

काठमाडौं, ११ वैशाख/रासस

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले कक्षा १२ को परीक्षाको समयतालिकामा केही फेरबदल गरेको छ । बोर्डले आइतवार सूचना प्रकाशित गरी आगामी जेठ १६ देखि २५ गतेसम्म सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षामा केही परिवर्तन गरेको जनाएको छ । सूचनामा कक्षा १२ को वार्षिक परीक्षा बिहान ८ देखि ११ बजेसम्म हुने उल्लेख छ ।

यसअघि बिहान ११ देखि अपराह्न २ बजेसम्म परीक्षा सञ्चालन गर्ने समयतालिका सार्वजनिक गरेको थियो। विभिन्न सरोकारवालाले समयतालिका परिवर्तन गरिदिन अनुरोध गरेपछि समयतालिका परिवर्तन गरिएको बोर्डले जनाएको छ ।

## सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, ११ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली ल्याएको खुद्रा मालसामान लोड भएको ट्रकलाई नियन्त्रणमा लिएको छ ।

बिलबिजकभन्दा बढी विभिन्न किसिमका मसला, लत्ताकपडा तथा हार्डवेयरलगायत मालसामान राजस्व छली जनकपुरतर्फ लैजाँदै गरेको सूचनाको आधारमा शनिवार वीरगंज महानगरपालिका–१० घण्टाघरबाट बा.२ख ३४३५ नम्बरको ट्रकलाई नियन्त्रणमा लिएको जिप्रका, पर्साले जनाएको छ ।

बरामद ट्रकसहित सामान कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## लोक दल चुनावमा सहभागी नहुने

प्रस, वीरगंज, ११ वैशाख/

लोक दलले आइतवार प्रेस विज्ञप्ति जारी गरी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा भाग नलिने निर्णय गरेको छ ।

अध्यक्ष कौशलकुमार सिंहले जारी गरेको विज्ञप्तिमा निर्वाचनबाट भ्रष्ट, सामन्त, पूँजीपतिहरू मात्र निर्वाचित हुने हुँदा पिछडा वर्ग, गरीब, कमजोर, दलित, जनजातिको लागि आवाज उठाउने लोक दलले भावी राजनीतिक लक्ष्य प्राप्तिका लागि सामन्त, दलाल र पूँजीपतिको लागि मात्र हुने स्थानीय तहको निर्वाचनमा भाग नलिने निर्णय गरेको उल्लेख गरिएको छ। लोक दलले पार्टीसँग भएको सीमित साधन स्रोतलाई आगामी प्रदेशस्तरीय निर्वाचनमा केन्द्रित गर्ने नीति लिएको विज्ञप्तिमा उल्लेख छ ।

### नौ महीनामा ६० अर्ब....

७१ लाख २० हजार बराबरको आयात गरेको विवरण विभागले सार्वजनिक गरेको छ। चालू आवको चैत मसान्तसम्म कुल ८,०५,७०७ केजी कोदो आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु १३ लाख ६७ हजार राजस्व सङ्कलन गरेको छ ।

**पाँच अर्बको गहुँ आयात**

विभागको विवरण अनुसार गहुँको आयात पनि उस्तै छ । नौ महीनाको अवधिमा मात्रै रु पाँच अर्ब २७ करोड ७९ लाख ७३ हजार बराबरको १५ करोड ९८ लाख ८३ हजार ४३८ केजी गहुँ आयात भएको छ ।

यस्तै बीउका रूपमा सात लाख ९७ हजार ८० केजी गहुँ आयात भएको छ। त्यसको लागत मूल्य रु २९ लाख ९६ हजार बराबर छ। जुनेलोसमेत नेपालीले किनेर खान थालेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ ।

नौ महीनाको अवधिमा ६५२ केजी जुनेलो आयात भएको छ। त्यसको लागत मूल्य रु ३५ हजार बराबर छ । त्यति मात्रै होइन, मकैको स्वाद भएका खाद्य उपजको समेत आयात भएको देखिन्छ। त्यस अवधिमा रु दुई करोड २९ लाख ३८ हजार बराबरको पाँच लाख ६० हजार ३६५ केजी त्यस्तो खाद्य पदार्थ आयात भएको छ । यो विवरणका आधारमा नेपाल क्रमशः परनिर्भर बन्दै गएको देखिन्छ ।

# रक्सौलमा मिट्टी बचाउन अभियान

प्रस, रक्सौल, ११ वैशाख/

ईशा फाउन्डेशनको सहयोगमा रक्सौलस्थित विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकालाई माटोलाई बन्जर हुनबाट बचाउनका लागि सचेतनामूलक कार्यशाला आयोजना गरिएको छ।

अहिले चारैतर्फ केमिकल र प्रदूषणको कारण माटो बिस्तारै बन्जर हुँदै गएको कार्यशालामा जानकारी गराइएको थियो।

५ अप्रिलमा जेनेभास्थित संयुक्त राष्ट्रमा ईशा फाउन्डेशनले डब्लुएचओ, युएन एसडिजी ल्याबको रिपोर्टलाई साझा गर्दै विश्वलाई चेताएको थियो। रिपोर्टको अनुसार माटोमा तीनदेखि छ प्रतिशतसम्म आर्गेनिक (जैविक) सामग्री उपलब्ध रहनुपर्छ तर अहिले भारतको ६० प्रतिशत माटोमा ०.५ प्रतिशतभन्दा पनि कम जैविक तत्वको मात्रा छ। जुन माटोलाई बिस्तारै मरुस्थलमा परिणत गर्दै छ।

कार्यशालामा उदाहरणको रूपमा सन् १९२० एक सुन्तलाबाट जति पोषक तत्व प्राप्त हुन्थ्यो, त्यति पोषक तत्व आज आठवटा सुन्तला सेवन गरेर हामी प्राप्त गर्छौं।

कार्यक्रममा कक्षा ३ देखि कक्षा १० का विद्यार्थीहरूलाई माटोको रक्षा गर्ने प्रतिबद्धताका साथ पहिलो प्राथमिकतामा यस विषयलाई राख्न सुझाइएको थियो।



तस्वीरः प्रतीक

कार्यशालामा रक्सौलका एमजिएम, एसएभी, चन्द्रशील, सरस्वती शिशु विद्यालय, जिडिएस, डङ्कन स्कूल र आदर्श शिक्षा निकेतनलगायतका विद्यार्थीहरूलाई जानकारी दिइएको थियो।

# पर्सामा एकजना औलोरोगी भेटियो

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंजका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई औलो (मलेरिया) रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा नेपाल चिकित्सक सङ्घ नारायणी शाखा, वीरगंजको सभाहलमा भएको कार्यक्रममा डा उदयनारायण सिंहले औलो रोग सर्ने विधि, रोग परीक्षणको प्रक्रिया, रोगका लक्षण, उपचार र रोकथामका उपायबारेमा जानकारी गराएका थिए।

गत आव २०७७/७८ मा पर्सामा औलोरोगीको सङ्ख्या शून्य थियो तर चालु आव २०७८/७९ मा एकजना औलोरोगी भेटिएपछि रोगको प्रकोप बढ्न सक्ने उनले बताए।

सन् २०२५ सम्म विश्व स्वास्थ्य सङ्गठनले नेपालबाट औलो रोग उन्मूलन गर्ने लक्ष्य लिए तापनि पछिल्लो वर्ष यो रोग भेटिनु चिन्ताको विषय भएको डा सिंहले बताए।

कुनै पनि ज्वरोका बिरामी भेट्ने बित्तिकै औलो भनेर केही चिकित्सक र स्वास्थ्यकर्मीले औषधी उपचार गर्ने गरेकाले यस्तो उपचार विधि नअपनाउन उनले सुझाव दिए। लामखुट्टे मानवशरीरमा सार्ने प्लाज्मोडियम प्रजातिको कीटाणुबाट औलो रोग लाग्ने उनले बताए। यो रोग लागेपछि ज्वरो आउने, टाउको दुख्ने, बान्ता हुने, जन्डिसको लक्षण देखिने डा सिंहले बताए।


तस्वीरः प्रतीक

औलो रोग लाग्न नदिन घरवरिपरि लामखुट्टे नियन्त्रणको साथै सरसफाइमा विशेष ध्यान दिनुपर्ने, सामाजिकरूपमा जनचेतना जगाउनुपर्ने कार्यक्रममा सहभागीहरूलाई बताइएको थियो।

स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले सहजीकरण गरेको कार्यक्रममा नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलगायतको सहभागिता थियो।

# पूर्वराज्यमन्त्री झाको निधन

काठमाडौं, ११ वैशाख/रासस

संविधानसभा सदस्य डा डिम्पलकुमारी झाको आइतवार बिहान निधन भएको छ। क्यान्सर रोगबाट पीडित उनको आज बिहान काठमाडौंको रानीबारीस्थित निवासमै निधन भएको हो।

मधेस प्रदेशको पूर्वराज्यमन्त्रीसमेत रहेकी झा हाल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट मधेस प्रदेशको प्रदेशसभा सदस्य थिइन्। लोसपाका नेता एवं पूर्वमन्त्री अनिलकुमार झाकी पत्नी उनी दुई वर्षदेखि क्यान्सरबाट पीडित थिइन्।

करीब दुई महीनाअघिदेखि भक्तपुर क्यान्सर अस्पतालमा उनको उपचार भइरहे पनि पछिल्लो समय चिकित्सको सल्लाहमा घरमै रेखदेख भइरहेकामा आज बिहान निधन भएको लोसपाका केन्द्रीय कार्यकारिणी सदस्य केशव झाले जानकारी दिए।



## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |






# गठबन्धनको नाममा पुरुष उम्मेदवार उठाउँदा महिला नेत्रीमाथि अन्याय

प्रस, परवानीपुर, ११ वैशाख/

गठबन्धन र तालमेलको नाममा दुई दलबाट प्रमुख र उपप्रमुखमा महिलालाई पाखा लगाउँदै पुरुष उम्मेदवारलाई उठाउने व्यवस्थालाई संशोधन गर्नुपर्ने वीरगंजका महिला नेत्रीहरूले माग गरेका छन्।

नेपाली काङ्ग्रेसकी महिला नेत्री डा सुषमा तिवारी द्विवेदी, लोसपाका महिला नेत्री रम्भा मिश्र र नेकपा एमालेकी केन्द्रीय सदस्य निर्मला देवकोटालगायतले यस्तो व्यवस्था संशोधन गरी गठबन्धन वा तालमेल गर्दा प्रमुख, उपप्रमुखमा एकजना महिला अनिवार्यरूपमा उम्मेदवार बनाउनुपर्ने व्यवस्था ल्याउनुपर्ने माग गरेका छन्।

नेकपा एमालेकी केन्द्रीय सदस्य देवकोटाले संविधान संशोधन गरी निर्वाचनको प्रक्रियामा पनि परिमार्जन गर्नुपर्ने र चारैतिरबाट आवाज उठाउनुपर्ने बताइन्।

काङ्ग्रेसकी द्विवेदीले महिला र पुरुषलाई हरेक क्षेत्रमा पचास प्रतिशत सहभागिता जनाउनुपर्ने आफूहरूको माग रहे तापनि संविधानमा भएको ३३ प्रतिशत व्यवस्थालाई पनि अहिलेको चलनले विभेद गरेको आरोप लगाइन्।


महिला नेत्री रम्भा मिश्र, डा सुषमा तिवारी द्विवेदी र निर्मला देवकोटा (बायाँबाट)

उनले महिला नेत्रीहरूलाई पार्टीको कुनै सभा, जुलुस, कार्यक्रममा शोपिसको लागि बोलाउने गरेको तर टिकट दिने बेलामा पुरुष नेताहरूको हालीमुहाली हुने गरेकाले आफूहरू निकै दुःखित भएको बताइन्।

रम्भा मिश्रले आफू लोसपाभित्र उपप्रमुखको प्रबल उम्मेदवार भए तापनि पुरुषहरूको चर्चा चलिरहेको र आफूलाई पाखा लगाइएको आरोप लगाइन्। उनले यस्तो गतिविधिले समाज पुरुषप्रधान रहेको भन्ने पुष्टि भएको प्रस्ट पारिन्।

वीरगंजमा राप्रपाबाहेक कुनै पनि दलले महिला उम्मेदवारलाई उपप्रमुखमा चुनाव लडाउने वा टिकट दिएको भन्ने चर्चा छैन।

जसले गर्दा वीरगंजका महिला नेत्रीहरू निराश र असन्तुष्ट छन् र भोलिका दिनमा राजनीतिबाट उनीहरू टाढा जान सक्ने सम्भावना बढेको छ।

# ठोरीमा पहिलो एकजनाको उम्मेदवारी

प्रस, ठोरी, ११ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा ठोरी गाउँपालिका अन्तर्गत अध्यक्ष पदमा आइतवार एकजनाले उम्मेदवारी दर्ता गराएका छ।

नेकपा एकीकृत समाजवादी पार्टीका गङ्गाबहादुर खड्काले मुख्य निर्वाचन अधिकृत शिवराज न्यौपानेसमक्ष उम्मेदवारी दर्ता गराएका हुन्।

निर्वाचन आयोगले उम्मेदवारको नाम दर्ताका लागि वैशाख १२ गतेसम्म समय दिएको छ।

पहिलो दिन खड्काबाहेक अन्य दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी नदिएको मुख्य निर्वाचन अधिकृत न्यौपानेले बताए।

उम्मेदवारी दर्ता व्यवस्थित गर्न आइतवार निर्वाचन अधिकृतको कार्यालयमा बैठक बसेको थियो।

बैठकमा निर्वाचन अधिकृत, सञ्चारकर्मी, सुरक्षा निकायका पदाधिकारीलगायतको सहभागिता थियो। बैठकमा सवारीसाधनलाई मिलनचोक हुँदै घ्याङडाँडा जान दिइने निर्णय भएको छ।

त्यस्तै, आठघरे र मिलचोकबाट पीपलडाँडा जाने ढलान सडकबाट गापा प्रवेश गर्ने सवारीसाधनको आवतजावतमा रोक लगाउने र सबै सवारीसाधनलाई ज्ञानज्योति माविको मुख्य प्रवेशद्वार भएर गुम्बातर्फ जान दिइने निर्णय गरिएको छ।

पैदल आवतजावत गर्न दिइने व्यवस्था मिलाइएको छ। सवारीसाधनलाई विद्यालयको मैदानमा पार्किङको व्यवस्था गरिने निर्णय गरिएको छ।

बैठकमा सहायक निर्वाचन अधिकृत कृष्णलाल श्रेष्ठ, नेपाली सेनाका सेनानी प्रदीप कुँवर, इप्रका ठोरीका प्रनि ब्रह्मदेव साह, सप्रनि शङ्कर कोइरालालगायतको सहभागिता थियो।


बैठकमा सहभागीहरू छलफल गर्दै। तस्वीरः सौजन्य

# सडक दुर्घटनामा चारजना घाइते

प्रस, रक्सौल, ११ वैशाख/

सीमावर्ती शहर रक्सौलको लक्ष्मीपुरस्थित मेनरोडमा दुईवटा मोटरसाइकल ठोक्किँदा चारजना घाइते भएका छन्।

विपरीत दिशाबाट आउँदै गरेका दुवै मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। दुईवटा मोटरसाइकलमा सवार दुई/दुई जना दुर्घटना भएलगत्तै घटनास्थलमै अचेत भएका थिए।

उनीहरूलाई स्थानीयको सहयोगमा नजीकको एसआरपी अस्पतालमा भर्ना गराइएको थियो। उपचारको क्रममा तीनैजनाको अवस्था दयनीय रहेको अस्पतालका चिकित्सक डा सुजीत कुमारले जानकारी गराए।

घाइते हुनेमा आदापुर निवासी ४५ वर्षीय जयप्रकाश महतो, २५ वर्षीय सचिन पाण्डे, रामगढवा निवासी १८ वर्षीय अभिषेक कुमार र मोतिहारी बरियारपुर निवासी २२ वर्षीय राजाबाबु छन्। घाइतेमध्ये सचिन पाण्डेको अवस्था अत्यन्त दयनीय रहेको उपचार गरिरहेका चिकित्सकले बताए।

घटनापश्चात् रक्सौल थानाका थानाध्यक्ष शशीभूषण ठाकुरले मोटरसाइकल नम्बर बिआर०५एजी ५२४२ र बिआर०५डि३४४० लाई नियन्त्रणमा लिएर बाटो खुलाएका थिए।

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड